# कुमारी बैंक लि.

# को

# बाईसौं वार्षिक साधारण

# सभाको

# निर्णय विवरणहरु

# (माईन्यूट)

२०७९/०७/२१

# श्री कुमारी बैंक लिमिटेड
## को
## बाईसौं वार्षिक साधारण सभाको निर्णय विवरण (माईन्यूट)

श्री कुमारी बैंक लिमिटेडको बाईसौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूको अध्यक्षतामा देहाय बमोजिम सम्पन्न भयो ।

१) **सभाको मिति, स्थान र समय :**

मिति : २०७९ साल कार्तिक महिना २१ गते सोमबार (तद्नुसार ०७ नोभेम्बर २०२२)
स्थान : कुमारी बैंक लिमिटेड, नक्साल (प्रहरी प्रधान कार्यालय पेट्रोल पम्प अगाडि) काठमाण्डौं ।
समय : बिहान ११:०० बजे ।

२) **सभाको सूचना :**

(क) बैंकको मिति २०७९/०६/३० मा बसेको सञ्चालक समितिको बैठकले निर्णय अनुसार बाईसौं वार्षिक साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार मिति २०७९/०६/३१ गतेको कारोवार राष्ट्रिय दैनिकमा प्रथम पटक, मिति २०७९/०७/०४ गतेको कारोबार राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित गरिएको ।

(ख) बैंकको बाईसौं वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन सम्बन्धित नियमनकारीहरु कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड, सिडिएसि एण्ड क्लियरिङ्ग लिमिटेडलाई अनुरोध गरी पत्राचार गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**क. सामान्य प्रस्ताव**

१. बाईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, आ.व.२०७८/०७९ को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।
३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व.२०७८/०७९ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने ।
४. आ.व.२०७९/०८० को लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।
५. संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको १२.५०%(बाह्र दशमलव पाँच प्रतिशत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

KUMARI BANK LTD. CORPORATE OFFICE

**ख. विशेष प्रस्ताव**

१. बैंकले आ.व.२०७८/०७९ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।

२. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

४) **सभामा उपस्थिति (कम्पनी ऐन, २०६३ को दफा ६८ बमोजिम) :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | | |
|---|---|---|---|
| १) | श्री अमिर प्रताप ज.ब.राणा | अध्यक्ष – | उपस्थित |
| २) | प्रा.डा. गणेश प्रसाद पाठक | सञ्चालक – | उपस्थित |
| ३) | श्री महेश प्रसाद पोखरेल | सञ्चालक – | उपस्थित |
| ४) | श्री कृष्ण प्रसाद ज्ञवाली | सञ्चालक – | उपस्थित |
| ५) | श्री अनुराधा चौधरी | सञ्चालक – | उपस्थित |

**(ख) बैंक पदाधिकारीहरुको उपस्थिति** :

| | | |
|---|---|---|
| १) | श्री रामचन्द्र खानाल | - प्रमुख कार्यकारी अधिकृत |
| ३) | श्री विकास खनाल | - सहायक महाप्रवन्धक |
| ४) | श्री अनिष ताम्राकार | - सहायक महाप्रवन्धक |
| ५) | श्री रोहित सिंह | - बरिष्ठ प्रवन्धक |
| ५) | श्री अश्विन बाबु श्रेष्ठ | - कम्पनी सचिव |

५) **सभाको गणपूरक संख्या :**

| | |
|---|---|
| बाँडफाँड तथा बिक्री भएको कुल शेयर संख्या | १४,७१,११,८३३.२६ कित्ता |
| आवश्यक न्यूनतम गणपुरक शेयर संख्या | ७,३५,५५,९१७ कित्ता |
| स्वयं उपस्थिति शेयर संख्या | १,६४,६७,०३६ कित्ता |
| प्रतिनिधि मार्फत उपस्थिति शेयर संख्या | ६,२९,३७,०५४ कित्ता |
| जम्मा उपस्थित शेयर संख्या | ७,९४,०४,०९० कित्ता |

KUMARI BANK LTD. CORPORATE OFFICE

| | |
|---|---|
| जम्मा उपस्थित शेयर प्रतिशत | ५३.९७% |
| शेयरधनी स्वयं उपस्थिति | ४८४ जना |
| प्रतिनिधि मार्फत | ५३० जना |
| जम्मा उपस्थित शेयरधनी संख्या | १,०१४ जना । |

सभामा उपस्थित भएका उपरोक्त शेयरधनीहरु कम्पनी ऐन, २०६३ को दफा ७१ वमोजिम सभामा भाग लिन तथा मतदान गर्न योग्य रहेका थिए ।

६) **सभाको वैधानिकता :**
सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार विहान ११:०० बजेसम्म कूल शेयर संख्या १४,७१,११,८३३.२६ कित्ताको ५०% भन्दा बढी शेयर संख्याको स्वयं तथा प्रतिनिधि मार्फत तीन जना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार ७,९४,०४,०९० कित्ता संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

७) **सभाको अध्यक्षता :**
कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री अमिर प्रताप ज.ब.राणाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहांले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक तथा आमन्त्रित बैंकका पदाधिकारीहरु एवं शेयरधनीहरु सबैलाई आ–आफ्नो स्थानमा आसन ग्रहण गरी दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहांहरुले समेत आसन ग्रहण गर्नुभयो ।

८) **अध्यक्षज्यूको मन्तव्य :**
सभामा स्वयं तथा प्रोक्सि मार्फत् उपस्थित शेयरधनीहरुलाई स्वागत गर्दै सभामा प्रस्तुत विषयसूचीहरु साथै यस चालु आ.व.२०७९/८० को प्रथम त्रैमास सम्मको उपलब्धि तथा भावी योजनाहरुको बारेमा संक्षिप्तरुपमा प्रतिवेदन प्रस्तुत गर्नुभयो । विस्तृत प्रतिवेदन शेयरधनीहरुलाई पहिले नै पठाईनुका साथै बैंकको वेवसाईटमा राखिएको थियो । साथै विद्यमान तरलताको असहजताको कारण सृजना भएको विषम परिस्थितिमा समेत बैंकबाट प्रवाह हुने बैकिङ्ग सेवाहरुलाई थप प्रभावकारी बनाउदै, सेवाग्राहीहरुलाई परेको समस्या समाधान गर्दै, बैंकलाई थप सफलता दिलाउने तर्फ बैंकको सञ्चालक समिति एवं बैंक व्यवस्थापन समेत कटिवद्ध रहेको व्यहोरा अनुरोध गर्दै यस बाईसौं वार्षिक साधारण सभामा प्रस्तुत गरिएका सम्पूर्ण प्रस्तावहरु छलफल गरी सर्वसम्मत पारित गरिदिन अनुरोध गर्नुभयो ।

९) **छलफलका लागि आव्हान :**
साधारण सभामा निर्धारित विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिबले बोल्न इच्छुक शेयरधनीहरुलाई अनुरोध गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

१०) **<u>छलफलमा सहभागी हुने शेयरधनीहरु र व्यक्त धारणा, जिज्ञासा, तथा सुझाव :</u>**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार, धारणा, जिज्ञासा तथा सुझावहरुलाई सारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छ :–

१.श्री सुनिता भट्टराईः- सभालाई सम्वोधन गर्दै प्रस्तावित लाभांश तत्काल खातामा पठाउने व्यवस्था गर्न, मर्जर प्रकृया छिटो सकाउन, कर्मचारीको मनोवल बढाउन सुझाव दिदै प्रस्तावित लाभांशको लागि धन्यवाद दिदै बैंकको थप सफलताको लागि शुभकामना व्यक्त गर्नुभयो ।

२.श्री गुणराज भट्टः- सभालाई सम्बोधन गर्दै बैंकको वार्षिक प्रतिवेदनको प्रथम पृष्ठमा कुमारी देवीको फोटो राख्न, नगद लाभांश मात्र नभई वोनश शेयर दिन, आगामी बर्ष १५% सम्म लाभांश दिन, प्रस्तावित नगद लाभांशको लागि धन्यवाद दिनु हुदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

३.श्री व्यास कुमार शर्माः- सभालाई सम्बोधन गर्दै संस्थागत शुसासन र कर्मचारीको मनोवल बढाउन सुझाव दिदैं प्रस्तावित नगद लाभांशको लागि धन्यवाद दिनु हुदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

४.श्री चन्द्र नारायण श्रेष्ठः- सभालाई सम्बोधन गर्दै नगद लाभांश दिएर निक्षेप संकट हटाउन मद्दत पुग्ने भन्दै लाभांशको लागि धन्यवाद दिदैं बैंकको साधारण सभाको सफलताको शुभकामना दिनु भयो ।

५.श्री उद्धव प्रसाद घिमिरेः- सभालाई सम्बोधन गर्दै बैंकको साधारण सभा बैंककै भवन जग्गामै गर्न, बैंकको सहायक कम्पनीको समेत नाफा बढाउन सुझाव दिदै नगद लाभांशको लागि धन्यवाद दिदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

६.श्री भक्ति प्रसाद उप्रेतीः- सभालाई सम्बोधन गर्दै बैंकको खर्च कम जोगाउन वा कम गर्नु पर्ने, मर्जर भई आउने संस्थाको कर्मचारीहरुलाई समेत माया गर्नु पर्ने, मर्जर समितिले महेनत गरी मर्जर प्रकृया छिटो सम्पन्न गर्नु पर्ने सुझाव दिदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

७. श्री ब्रम्हदेव शाक्यः- सभालाई सम्बोधन गर्दै प्रस्तावित नगद लाभांशको लागि धन्यवाद दिनु हुदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

८.श्री शत्रुघन श्रेष्ठः- सभालाई सम्बोधन गर्दै कृषि क्षेत्रमा कर्जा लगानी बढाउन, निष्कृय कर्जा घटाउन सुझाव दिदै नगद लाभांशको लागि धन्यवाद दिनु हुदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो

९. श्री डमरु वल्लभ घिमिरेः- सभालाई सम्बोधन गर्दै बैंकको आफ्नै भवन छिटो निर्माण गर्न, कम्पनी सचिवको नाम र फोटो वार्षिक प्रचिवेदनमा राख्न सुझाव दिदै सभाको सफलता, बैंकको प्रगतिको कामना सहित बैंक व्यवस्थापन र कर्मचारी वर्गलाई धन्यवाद दिनु भयो ।

१०.मेजर श्री कुवेर श्रेष्ठः- सभालाई सम्बोधन गर्दै मर्जर गर्ने संस्थाको सबै कुरा बुझेर मर्जर गर्न, बैंक र शेयरधनीहरुको सम्वन्ध नजिक र सुमधुर बनाउंन सुझाव दिदै नगद लाभांशको लागि धन्यवाद दिनु हुदै बैंकको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

११.श्री लवराज जोशी:- सभालाई सम्बोधन गर्दै सभालाई सम्बोधन गर्दै नगद लाभांशको लागि धन्यवाद दिंदै बैंकको प्रगतिको कामना गर्नु भयो ।

१२.श्री शिव प्रसाद पौडेल:- सभालाई सम्बोधन गर्दै बैंकको आफ्नै भवन छिटो बनाउंन, संस्थागत शुसासन कायम गर्न, कर्मचारीको मनोवल बढाउने कार्य गर्न सुझाव दिंदै नगद लाभांशको लागि धन्यवाद दिंदै बैंकको प्रगतिको कामना गर्नु भयो ।

१३.श्री रोज कुमार श्रेष्ठ : सभालाई सम्बोधन गर्दै नगद लाभांशको लागि धन्यवाद दिदै बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१४.श्री नरसिंह लाल चखुं : सभालाई सम्बोधन गर्दै मर्जरको लागि संचालक समिति र व्यवस्थापनले विभिन्न कुरामा चनाखो भई ध्यान दिनु पर्ने धारणा राख्दै नगद लाभांशको लागि धन्यवाद दिदैं बैंकको उत्तरोत्तर प्रगतिको कामना दिनु भयो ।

१५.श्री ईन्द्र कृष्ण श्रेष्ठ:- सभालाई सम्बोधन गर्दै बैंकको आफ्नै भवन छिटो बनाउंन, शेयरधनीलाई वोनश शेयर समेत दिन र सभा गर्दा जलपानको व्यवस्था गर्न सुझाव दिंदै नगद लाभांशको लागि धन्यवाद दिदै बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१६.श्री उत्सव श्रेष्ठ:- सभालाई सम्बोधन गर्दै कम्पनी सचिवको फोटो वार्षिक प्रचिवेदनमा राख्न, संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको रकम सहयोग रकमको अभाव भएको संस्थाहरुलाई मात्र दिने व्यवस्था गर्न सुझाव दिंदै नगद लाभांशको लागि धन्यवाद दिदैं बैंकको उत्तरोत्तर प्रगतिको कामना दिनु भयो ।

१७.श्री राम गोपाल महर्जन : सभालाई सम्बोधन गर्दै शाखा कार्यालयहरुको नियमित अनुगमन गर्न, विज्ञापन खर्च घटाउन सुझाव दिंदै नगद लाभांशको लागि धन्यवाद दिदै शेयरबैंकको प्रगतिको शुभकामना दिनु भयो

१८.श्री कृष्ण प्रसाद अधिकारी:- सभालाई सम्बोधन गर्दै वार्षिक प्रतिवेदन समयमा उपलब्ध गराउन, प्रदेश कार्यालयको नाम प्रदेशको नामबाट राख्न, संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगतको खर्च नबढाउंन, वार्षिक प्रतिवेदनमा नेपाली भाषाको मात्र प्रयोग गर्न सुझाव दिंदै नगद लाभांशको लागि धन्यवाद दिदै शेयरबैंकको प्रगतिको शुभकामना दिनु भयो ।

१९.श्री गोगन बहादुर पराजुली क्षेत्री : सभालाई सम्बोधन गर्दै पूंजी बढाउन मर्जर गर्न लागेको भए वोनश शेयर दिए राम्रो हुने, खर्चमा मितव्ययिता अपनाउन, बैंकर्स संघसँग समन्वय गर्न सुझाव दिंदै बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

२०.श्री शोभराज वराल:- सभालाई सम्बोधन गर्दै प्राथमिता प्राप्त क्षेत्रमा लगानी गर्न, आगामी दिनमा बढी प्रतिफल दिन सकोस भनि कामना गर्नु भयो । सभाको सफलता, बैंकको प्रगतिको शुभकामना दिनु भयो ।

२१.श्री शम्भु थपलिया:- सभालाई सम्बोधन गर्दै मर्जर प्रकृयामा शेयर कारोवार रोक्का गर्ने कार्य हटाउन सुझाव दिंदै नगद लाभांशको लागि धन्यवाद दिदै शेयरबैंकको प्रगतिको शुभकामना दिनु भयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

११) **<u>सभामा व्यक्त भएका धारणा, सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :</u>**
छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएको मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई अध्यक्षज्यूले देहाय बमोजिम जिज्ञाशालाई स्पष्ट गर्नुभयो र सल्लाह सुझावलाई मनन गरी आगामी कार्य योजना बनाउने कुरा प्रस्तुत गर्नुभयो ।

**अध्यक्षज्यूको जवाफ :**
शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तव्य, जिज्ञासा, सल्लाह, सुझाव तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्मका सल्लाह तथा सुझावहरुलाई लागू गर्ने प्रतिवद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाव बमोजिम नै बैंकको उत्तरोत्तर प्रगतिको लागि बैंकले आफ्नो रणनीति बमोजिम कार्य गरिरहेको विश्वास दिलाउनु भयो । नेपाल राष्ट्र बैंकबाट जारी पूँजी पर्याप्तता अनुपात सम्बन्धी निर्देशनहरुको कारण नगद लाभांश मात्र प्रस्ताव गरिएको जानकारी दिनु भयो ।

आवश्यकता र औचित्यताको आधारमा बैंकको शाखा नरहेको स्थानमा शाखा विस्तार गर्दै जाने नियमित अनुगमन गर्ने बैंकको लक्ष्य रहेको छ । बैंकले आफ्नै भवन बनाउन धेरै शेयरधनीहरुको तर्फबाट प्राप्त सुझावलाई कोभिड-१९ को महामारीको कारण भवन निर्माण प्रकृया ढिलो भएको र हाल नक्शा सम्बन्धी कार्य भईरहेको र भवन निर्माण कार्य छिटै शुरु हुने जानकारी गराउनु भयो । साथै देशको अर्थतन्त्र राम्रो रहेमा आगामी वर्ष समेत शेयरधनीहरुलाई अधिक प्रतिफल दिन बैंक सञ्चालक समिति एवं बैंक व्यवस्थापन अथक रुपमा प्रयासरत रहेको व्यहोरा समेत जानकारी गराउनु भयो । साथै, कुमारी बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अर्न्तगत सामाजिक दायित्व निर्वाह गर्दा नेपाल राष्ट्र बैंकको नीति निर्देशनलाई पालना गरी खर्च गर्ने गरेको जानकारी दिनु भयो ।

मर्जरको लागि मर्जर समितिले धेरै महेनत गरेको, मर्जर गर्ने संस्थाको सबै बिषय गहन अध्ययन र विश्लेषण गरिएको जानकारी गराउँदै पूँजी बृद्धिको लागि मर्ज गर्न लागेको नभई प्रतिस्पिर्धी वित्तीय बजारमा प्रतिस्पर्धा गर्न बैंकलाई बलियो बनाउन मर्ज प्रकृया अघि बढाएको जानकारी दिनु भयो ।

अन्तमा अध्यक्षज्यूले यस सभामा शेयरधनी साथीहरुबाट थुप्रै बहुमूल्य सुझावहरु दिनु भएकोले ती सुझावहरुलाई फेरी पनि सञ्चालक समिति तथा व्यवस्थापन समूह वीच छलफल गरी उपयुक्त देखिएको र सम्भव भए सम्मका सुझावहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने विश्वास दिलाउनु भयो । सम्पूर्ण शेयरधनी साथीहरुबाट प्राप्त सल्लाह, सुझाव, भावना आदिको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझावको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका विषयहरुलाई सर्वसम्मत पारित गरी दिनको लागि अनुरोध गर्नुभयो । साथै, निर्धारित कार्यक्रम अगाडि बढाउन कम्पनी सचिवलाई निर्देशन दिनुभयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति माग्दै छलफलका विषयहरुलाई निर्णयार्थ पेश गरी त्यसपछि क्रमैसँग प्रस्ताव पारित गरिदिन अनुरोध गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

१२) **सभाको प्रस्ताव तथा पारित निर्णयहरु :**

**क. सामान्य प्रस्ताव तर्फ :**

**१. बाईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।**

**निर्णय** :- सभामा निर्धारित विषय सूची नं.(क)(१) बमोजिम बाईसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**२. लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, आ.व.२०७८/०७९ को नाफानोक्सान हिसाव र सोहि अवधिको नगदप्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाब, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) उपर छलफल गरी पारित गर्ने ।**

**निर्णय** :- सभामा निर्धारित विषय सूची नं.(क)(२) बमोजिम लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व.२०७८/०७९ को वार्षिक आर्थिक विवरण (आषाढ मसान्त २०७९ को वासलात, आ.व.२०७८/०७९ को नाफानोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण, नाफानोक्सान बाँडफाँड हिसाव, ईक्विटीमा भएको परिवर्तन लगायत वार्षिक आर्थिक विवरणसँग सम्बद्ध अनुसूचीहरु) पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**३. यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व.२०७८/०७९ को वित्तीय विवरण सहितको एकिकृत वित्तीय विवरण छलफल गरी पारित गर्ने वारे ।**

**निर्णय** :- सभामा निर्धारित विषय सूची नं.(क)(३) बमोजिम यस बैंकको सहायक कम्पनी कुमारी क्यापिटल लिमिटेडको आ.व.२०७८/०७९ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**४. आ.व.२०७९/०८० को लागि वाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने प्रस्ताव पारित गर्ने ।**

**निर्णय** :- सभामा निर्धारित विषय सूची नं.(क)(४) बमोजिम आ.व.२०७९/८० को लागि वाहय लेखापरीक्षण तथा कर लेखापरीक्षण गर्ने लेखापरीक्षण समितिले गरेको सिफारिसका आधारमा श्री Joshi & Bhandary, Chartered AccountantS Kathmandu लाई नियुक्त गर्ने प्रस्ताव पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो । साथै, लेखापरीक्षकलाई पारिश्रमिक तथा अन्य सुविधा एवं सम्पूर्ण खर्च समेतका लागि मुल्य अभिबृद्धि कर सहित रु.३०,००,०००/-(अक्षरेपी तीस लाख मात्र) प्रदान गर्ने प्रस्ताव पारित गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

**५. संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको १२.५०%(बाह्र दशमलव पाँच प्रतिशत) नगद लाभांश वितरण गर्न स्वीकृति प्रदान गर्ने ।**

**निर्णय** :- सभामा निर्धारित विषय सूची नं.(क)(५) बमोजिम संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजन सहित चुक्ता पूँजीको १२.५०%(बाह्र दशमलव पाँच प्रतिशत) नगद लाभांश (कर सहित) वितरण गर्न स्वीकृति प्रदान गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

**ख. विशेष प्रस्ताव तर्फ**

**१. बैंकले आ.व.२०७८/०७९ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको सीमा भन्दा बढी भएको खर्चलाई अनुमोदन गर्ने ।**

**निर्णय :-** सभामा निर्धारित विषय सूचि नं.(ख)(१) बमोजिम बैंकले आ.व.२०७८/०७९ मा संस्थागत सामाजिक उत्तरदायित्व वहन गर्ने क्रममा आर्थिक सहायता प्रदान गर्दा कम्पनी ऐनको दफा १०५(१)(ग) ले निर्धारण गरेको सीमाभन्दा बढी भएको खर्चलाई अनुमोदन गरी दिन अनुरोध गरेकोमा सो लाई सर्वसम्मतिले अनुमोदन गरियो

**२. यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।**

**निर्णय :-** सभामा निर्धारित विषय सूची नं.(ख)(२) बमोजिम यस बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्न संचालक समितिबाट गठित मर्जर समिति तथा सो ले गरेको कार्य अनुमोदन हुन, नयाँ मर्जर समिति गठन गर्न, मर्जर तथा प्राप्तिको सन्दर्भमा DDA नियुक्ति गर्न, निजलाई भुक्तानी गर्न पारिश्रमिक तोक्ने लगायतका प्रकृया अबलम्बन गरी अन्य कुनै बैंक तथा वित्तीय संस्थालाई एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) गर्नको लागि संचालक समितिलाई आवश्यक सम्पूर्ण अख्तियारी प्रदान गरी दिन अनुरोध गरेकोमा प्रस्तावलाई सर्वसम्मतिले पारित गरियो ।

ग. विविध ।

प्रस्ताव खण्डको (ग) को विविध शीर्षक अन्तर्गत केही नभएको ।

१३) धन्यवाद ज्ञापन :

छलफलको लागि निर्धारित प्रस्तावहरु उपर सभाले निर्णय गर्ने कार्य सकिएको हुनाले अध्यक्षज्यूले बाईसौं वार्षिक साधारण सभामा सहभागी शेयरधनी महानुभावज्यूहरु, संचालकज्यूहरु, पर्यवेक्षक प्रतिनिधि, शुभेच्छुक तथा बैंकको वार्षिक साधारण सभालाई सफल पार्न प्रत्यक्ष एवं परोक्ष रुपमा सहयोग गर्नु हुने नियमनकारी निकायहरु, समस्त ग्राहक वर्ग, बैंक व्यवस्थापन समूह, सम्पूर्ण कर्मचारी वर्ग लगायत सकारात्मक मन्तब्य तथा सुझावहरु प्रस्तुत गरेकोमा शेयरधनी महानुभावज्यूहरुलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो ।

१४) सभा विसर्जन :

अन्त्यमा, सभाका अध्यक्षज्यूले छलफल गर्नुपर्ने कुनै विषय बाँकी नभएकोले बैंकको बाईसौं वार्षिक साधारण सभा दिनको २:५५ बजे विसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ........................ | KUMARI BANK LTD. CORPORATE OFFICE | ........................ |
| अश्विन बाबु श्रेष्ठ | | अमिर प्रताप ज.ब.राणा |
| कम्पनी सचिव | | अध्यक्ष |

**************